जिन्सी इकाइ प्रमुख (सहायक, पाँचौ) को जिम्मेवारी

→ गाडी, मोटरसाइकल र अन्य सवारी साधनहरु मर्मत गर्नपर्ने भए मर्मतको प्रक्रिया अगाडि बढाउने र मर्मत गराउने,

→ कार्यक्रमको लागि आवश्यक सामानको (खर्च भएर जाने) माग फाराम भै आएमा सामान उपलब्ध गराउने,

→ वडाहरुमा र अन्य कार्यालयमा पठाउने निर्माण सामाग्री र कार्यालयका लागि आवश्यक पर्ने सामान निर्णय अनुसार हस्तान्तरण गरी दिने,

→ कार्यालयका सामान कम्प्युटर, प्रिन्टर लगायत अन्य सामान बिग्रिएमा सो सामानको मर्मत प्रक्रिया अगाडि बढाउने,

→ वार्षिक जिन्सी निरीक्षण गराई प्राप्त प्रतिवेदन अनुसार लिलाम गर्न पर्ने सामानको लिलाम प्रक्रिया नियमानुसार गराउने,

→ वार्षिक मौज्दात विवरण र यस गाउँपालिकाका घर, जग्गा समेतको विवरण अद्यावधिक गर्ने साथै सम्बन्धित निकायमा पठाउनुपर्ने भए पठाउने,

→ प्रचलित कानून बमोजिम गाउँपालिकाको जग्गा जमीन, भवन र मेशित लगायत अचल सम्पत्ति र जिन्सीको अभिलेख राख्ने,

→ खर्च भई जाने जिन्सी सामान र खर्च भई नजाने जिन्सी सामानको बेग्ला बेग्लै रजिष्टर खडा गर्ने र प्रमुख प्रशासकीय अधिकृत वा अधिकार प्राप्त अधिकारीबाट प्रमाणित गराई अभिलेख राख्ने,

दिल्ली खड्का
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

सिद्ध कुमाख गाउँपालिका
Siddhakumakh Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the municipal Executive
ढोरचौर, सल्यान
Dhorchaur, Salyan
कर्णाली प्रदेश, नेपाल
Karnali Province, Nepal
+977-9854555005

प.स./FY: २०८०/८१,प्रशा
च.नं./Ref.No:

- → प्रत्येक शाखा, उपशाखा तथा इकाईहरुलाई आवश्यक जिन्सी सामानको लगत संकलन गरी आगामी आर्थिक वर्षको बजेटमा समावेश गर्न पेश गर्ने,
- → खरिद आदेश बमोजिम सामान खरिद गर्ने, दाखिला गर्ने र स्वीकृत आदेश बमोजिम भण्डार निकासी गर्ने,
- → नयाँ आर्थिक वर्ष सुरु भएको १५ दिन भित्र अघिल्लो वर्षको जिम्मेवारी सार्ने, जिन्सी मौज्दातको वार्षिक विवरण तयार गर्ने र प्रमाणित गराउने,
- → जिन्सी सामानको निरीक्षण गराई जिन्सी श्रेस्ता अद्यावधिक गर्ने र लेखापरीक्षण गराउने,
- → प्रत्येक शाखा, उपशाखा, वडा समितिको कार्यालय तथा इकाइबाट स्वीकृत माग फाराम अनुसार माग भई आएको जिन्सी सामान मौज्दातमा भए उपलब्ध गराउने, मौज्दात नभए आवश्यक प्रक्रिया पुऱ्याई बजारबाट खरिद गरी उपलब्ध गराउने,
- → जिन्सी सामानको संरक्षण एवं उचित मर्मत संभार, लिलाम बिक्री र मिन्हाको व्यवस्था गर्ने गराउने,
- → प्रत्येक शाखा, उपशाखा र इकाइहरुमा रहेका जिन्सी मालसामानको अभिलेख दुरुस्त राख्ने,
- → गाउँपालिका भित्रका सार्वजनिक तथा पर्ती जग्गाहरुको लगत अद्यावधिक गरी अभिलेख राख्ने र एकीकृत विवरण तयार गरी प्रत्येक श्रावण महिनाभित्र प्रकाशित गर्ने व्यवस्था मिलाउने,
- → नगदी रसिद तथा अन्य आवश्यक रसिदहरु समयमै छपाई गरी उपलब्ध गराउने र सोको रेकर्ड रसिद नियन्त्रण खातामा राख्ने,
- → सवारी साधन तथा ढुवानी साधनहरुको ब्लु बुक राख्ने र नवीकरण गर्ने तथा लगबुक राख्ने,
- → राष्ट्रिय चाडपर्व तथा सभा समारोह र कार्यक्रमहरुमा आवश्यक सामाग्रीको व्यवस्था मिलाउने,
- → जिन्सी सामान खरिद भई बिल भुक्तानी गर्न आवश्यक कागजपत्र समेत संलग्न गरी आर्थिक प्रशासन महाशाखा पठाउने,
- → मर्मत हुन नसक्ने सामानहरु जिन्सी निरीक्षण प्रतिवेदनको आधारमा लिलाम सम्बन्धी कार्य प्रक्रियामा लैजाने,
- → शाखा, वडा कार्यालय, स्वास्थ्य चौकी , सेवा केन्द्रहरुमा पठाइएका खप्ने सामानहरुको अभिलेख खाता राख्ने,
- → भण्डार व्यवस्थापन प्रणाली (Software programme Entry) अनुसार माग फाराम तयार गर्ने व्यवस्था मिलाउने,
- → कर्मचारीले कार्यसम्पादनको सिलसिलामा जिम्मा लिएका कम्प्युटर, ल्यापटप, जि.पि.एस., मोटरवाइक लगायतका खप्ने सामानको सहायक खाता अभिलेख राख्ने व्यवस्था मिलाउने,

डिल्ली खड्का
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

सिद्ध कुमाख गाउँपालिका
Siddhakumakh Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the municipal Executive
ढोरचौर, सल्यान
Dhorchaur, Salyan
कर्णाली प्रदेश, नेपाल
Karnali Province, Nepal
+977-9854155005

प.स./FY: २०८०/८१,प्रशा
च.नं./Ref.No:

मिति:२०८०/०५/२७

प्रमुख प्रशासकीय अधिकृत तथा कम्प्युटर अपरेटर (सहायक पाँचौं) बीचको कार्यसम्पादन करार सम्झौता ।

श्री सर्मिला चौधरी,
कम्प्युटर अपरेटर, सहायक पाँचौं ।

प्रस्तुत विषयमा यस सिद्ध कुमाख गाउँपालिकाको राजश्व शाखा प्रमुखको रुपमा रहि कार्य गर्ने गरी तपाईलाई जिम्मेवारी दिइएको छ । राजश्व शाखा प्रमुखले सम्पादन गर्नुपर्ने तपसिल बमोजिमका जिम्मेवारी सम्पादन गर्ने गरी कार्य विवरण सहितको जिम्मेवारी सम्पादन गर्नु गराउनु हुन अनुरोध छ।

राजश्व शाखा प्रमुखको जिम्मेवारी

- गाउँपालिकाको राजस्व सम्बन्धी नीति ऐन, नियम, कार्यविधि, राजस्व सुधार कार्ययोजना तर्जुमा र अद्यावधिक गर्न सहयोग गर्ने
- राजश्वको प्रशासन सम्बन्धी व्यवस्था मिलाउने, राजश्व चुहावट नियन्त्रण गर्ने र राजश्वसम्बन्धी नीतिगत निर्णय र कार्यान्वयन गर्ने/गराउने
- राजस्व परामर्श समितिको बैठकका पत्राचार गर्ने, बैठकको लागी छलफलका विषयहरु तयार गर्ने, निर्णय कार्यान्वयन गराउन शाखा प्रमुखलाई सूचना उपलब्ध गराउने तथा सहयोग गर्ने,
- गाउँपालिकाको आन्तरिक श्रोतहरुको पहिचान गर्ने, उपलब्ध श्रोतहरुको परिचालनको व्यवस्था मिलाउने र बजेट तर्जुमा पूर्व राजश्व प्रक्षेपण गर्ने
- राजश्वको वार्षिक अनुमान गर्ने र सोको प्रतिवेदन आर्थिक प्रशासन शाखामा पेश गर्ने,
- आन्तरिक आय सम्बन्धी ठेक्काको सूचना प्रकाशन, बोलपत्र कागजात तयारी, मूल्यांकन तथा ठेक्का सम्झौता र कार्यआदेश सम्बन्धी सम्पूर्ण कार्यहरु गर्ने, गराउने,
- सम्पत्ति व्यवस्थापन शाखाबाट प्राप्त नगदी रसिदलाई रसिद नियन्त्रण खातामा अभिलेख राखी वितरण गर्ने,
- प्राप्त भएको दैनिक आम्दानी बुझ्ने तथा रेकर्ड राख्ने नियमित बैंक दाखिला गर्ने गराउने,
- निर्णयअनुसारका दण्ड जरिवाना, शुल्क र दस्तुर असूल गर्ने,
- राजश्व सम्बन्धी दैनिक, मासिक, चौमासिक तथा वार्षिक प्रगती प्रतिवेदन तयार गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने,
- राजश्व र धरौटीसम्बन्धी रसिद वितरण एवम्नियन्त्रण गर्ने र नियमानुसार धरौटी फिर्ताको लागि सिफारिस गर्ने,
- नियमानुसार उठाउनुपर्ने कर तथा शुल्क आदिमा चुहावट हुन नदिन नियमित अनुगमन गर्ने तथा नियन्त्रणको लागी शाखा प्रमुख समक्ष प्रतिवेदन गर्ने,
- कानून अनुसार कर, शुल्क, दस्तुर र बिक्रीको असूली सम्बन्धमा नीतिगत समस्याहरु भए रायसहित पेश गर्ने,

सिद्ध कुमाख गाउँपालिका
Siddhakumakh Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the municipal Executive
ढोरचौर, सल्यान
Dhorchaur, Salyan
कर्णाली प्रदेश, नेपाल
Karnali Province, Nepal
+977-9854555005

आ.व./FY: २०८०/८१.प्रशा

प.सं./Ref.No:

- बाँकी वक्यौता कर असूल गर्ने तथा समयमै असूल गर्न पत्राचार गर्ने,
- राजश्व आम्दानी हुने विभिन्न टेण्डरहरु निकाल्ने, खोल्ने सम्झौता गर्ने, त्यसको अनुगमन गर्ने, समस्याको समाधान खोज्ने,
- मासिक रुपमा आम्दानीको प्रतिवेदन तयार गर्ने,
- सम्पूर्ण वडाहरुबाट प्राप्त आम्दानीको बैंक दाखिला गरी अभिलेख राख्ने
- करका दरका विषयमा वडा सचिव र सामाजिक परिचालकहरुलाई जानकारी गराउने,
- कर शिक्षाका विषयमा गाउँवासीलाई जानकारी गराउने,
- राजश्व सम्बन्धी अवस्था बुझ्नको लागि वडाहरुको अनुगमन तथा निरीक्षण गर्ने,
- राजश्व परामर्श समितिको बैठकको लागि आवश्यक व्यवस्था मिलाउने र राजश्व परामर्श समितिले गरेका निर्णयहरु कार्यान्वयन गर्ने,
- राजश्व सम्बन्धी सफ्टवयरहरु अद्यावधिक गर्ने व्यवस्था मिलाउने, सफ्टवयरमा देखिएको समस्याहरु समाधान गर्न व्यवस्थापन गर्ने,
- राजश्व सुधार योजना तयार गरी त्यसलाई कार्यान्वयन गर्ने व्यवस्था मिलाउने,
- सम्पत्तिमा आधारित र अन्य करको सर्न्भमा करदाता शिक्षा सञ्चालन तथा करदाता विवरण अद्यावधिक गर्ने,
- सम्पत्तिमा आधारित कर र अन्य करको सूचना तथा तथ्याङ्कको आदान प्रदान, निर्णय बमोजिम तथा प्रचलित कानून बमोजिम दण्ड जरिवाना सम्बन्धी काम गर्ने,
- घरवहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, दण्ड जरिवाना, मनोरञ्जन कर, वहालविटौरी कर, मृत वा मारिएको जीवजन्तुको हाड, सिंग, प्वाँख, छालामा कर, प्राकृतिक स्रोत साधन, व्यवसायिक कर सम्बन्धी संकलन गरी अभिलेख राख्ने,
- ढुंगा, गिट्टी, वालुवा, माटो, नुन, स्लेट, जस्ता खानी खनीज पदार्थको सर्वेक्षण, अन्वेषण, उत्खनन सम्बन्धी कार्यमा सहयोग र सो सम्बन्धी रोयल्टी सङ्कलन गर्ने,
- राजश्व परामर्श समितिको सचिवालयको कार्य गर्ने,
- राजस्व सूचना तथा तथ्याङ्कको अभिलेख राख्ने,
- राजस्व नीति तथा कानून निर्माण र परिमार्जनका लागि सूचनाहरु उपलब्ध गराउने,

उपर्युक्त विवरण मेरो पदले गर्नुपर्ने काम, कर्तव्य र उत्तरदायित्व तथा अधिकारको पूर्ण र ठीक विवरण हो। उल्लेखित जिम्मेवारीहरु आँफै र मातहतका कर्मचारीहरु द्वारा प्रभावकारी रूपमा कार्यान्वयन गर्नेछु । कर्मचारीको दस्तखतः- मितिः- २०८०/४/२६	उपर्युक्त विवरण सहितको जिम्मेवारी तपाईलाई सुम्पिएको हुँदा उत्तरदायित्व वहन गर्दै कुशुलतापूर्वक आफ्नो जिम्मेवारी पूरा गर्नुहोला । कार्यालय प्रमुखको दस्तखतः- मितिः- दिल्ली खड्का प्रमुख प्रशासकीय अधिकृत

Website: www.siddhakumakhmun.gov.np E-mail:ito.siddhakumakhmun@gmail.com

सिद्ध कुमाख गाउँपालिका
Siddhakumakh Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the municipal Executive
ढोरचौर, सल्यान
Dhorchaur, Salyan
कर्णाली प्रदेश, नेपाल
Karnali Province, Nepal
+977-9854555005

प.स./FY: २०८०/८१,प्रशा
च.न./Ref.No:

मिति:२०८०/०५/२७

प्रमुख प्रशासकीय अधिकृत तथा प्राविधिक सहायक कृषि बीचको कार्यसम्पादन करार सम्झौता।

श्री निशान खड्का मगर,
प्रा.स (कृषि) सिद्ध कुमाख गाउँपालिका, सल्यान ।

प्रस्तुत विषयमा यस गाउँपालिकाको कृषि शाखाको प्रमुखको रूपमा रही कार्य गर्ने गरी तपाईलाई जिम्मेवारी दिईएको छ । कृषि शाखा प्रमुखले सम्पादन गर्नुपर्ने तपसिल बमोजिमका जिम्मेवारी सम्पादन गर्ने गरी कार्य विवरण सहितको जिम्मेवारी सम्पादन गर्नु गराउनु हुन अनुरोध छ ।

कृषि शाखा प्रमुख (प्रा स, पाँचौ) को जिम्मेवारी

- कृषि, कृषि प्रसार, कृषि उत्पादन र पशुपंक्षी विकास र व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना तर्जुमा कार्यमा सहयोग गर्ने,
- कृषि तथा पशु विकास सम्वन्धी स्थानीय नीति, कानून, मापदण्ड तथा योजनाको कार्यान्वयन र नियमनको गर्ने, गराउने,
- कृषीलाई उद्योग र कृषक उद्यमी बनाउन नीति, कानून, कार्याविधि, योजना तर्जुमा र कार्यान्वयन गर्ने गराउने,
- कृषि अनुसन्धान, बागबानी, वैकल्पिक खेती प्रणाली, बाली संरक्षण, माटो परीक्षण, कृषि प्रयोगशाला, जैविक उत्पादन र कृषि पर्यटन सेवा विकास र विस्तार गर्ने
- खाद्यान्न, बागबानी, नगदे तथा अन्य बाली विकास सम्बन्धी विवरण र प्रविधि विकास विवरण अद्यावधिक गर्ने,
- कृषि विकास तथा संभाव्यता र पकेट क्षेत्र निर्धारण र कृषि प्रविधि र सेवा प्रसारको व्यवस्था गर्ने गराउने,
- कृषि तथा पशुपंक्षी विकासका लागि गै.स.स. र सहकारी र निजी क्षेत्रका संघ/संस्थाहरुको कार्यक्रम बारे जानकारी राख्ने, समन्वय गर्ने र परिपुरक हुने गरी कार्यक्रम तर्जुमा र सञ्चालन गर्न सहयोग गर्ने,
- फलफूल, कफी, र तरकारी बालीहरुको माग र आवश्यकता अनुसार नर्सरी स्थापना गर्ने/गराउने,
- गाउँपालिका भित्रका कृषक समूह सहकारीमा आवद्ध गराउने र कृषि उत्पादन र पशु तथा पंक्षी पालनलाई व्यवसायीकरण गर्न प्रविधि र प्राविधिक सेवा उपलब्ध गराउने,
- अनुसन्धान केन्द्रबाट निस्किएका नविनतम प्रविधिलाई कृषक समक्ष लैजाने,
- रासायानिक मल, तथा बिउविजन बिक्रीका लागी अनुमती दिने,
- कृषि उत्पादन, प्रशोधन र बजारीकरण सम्बन्धी उद्यम व्यवसायको व्यवसायिक विकास योजना तर्जुमा गर्न सहयोग गर्ने गराउने,

डिल्ली खड्का
प्रमुख प्रशासकीय अ...

सिद्ध कुमाख गाउँपालिका
Siddhakumakh Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the municipal Executive
ढोरचौर, सल्यान
Dhorchaur, Salyan
कर्णाली प्रदेश, नेपाल
Karnali Province, Nepal
+977-9854555005

प.स./FY: २०८०/८१,प्रशा
च.नं./Ref.No:

- माग तथा आवश्यकता अनुसार कृषि तथा पशु नर्सरी, बिउविजन केन्द्र तथा नमूना फार्म सञ्चालन गर्ने गराउने,
- कृषि वातावरण संरक्षण तथा जैविक विविधताको संरक्षण र प्रवर्द्धन गर्ने, गराउने,
- उच्च मूल्ययुक्त कृषिजन्य वस्तुको प्रवर्द्धन, विकास तथा बजारीकरण गर्ने, गराउने,
- कृषकहरूको क्षमता अभिवृद्धि, प्राविधिक सेवा, टेवा, सीप विकास र सशक्तीकरण गर्ने, गराउने,
- कृषि बिउविजन, नश्ल, मलखाद र रसायन तथा औषधीहरूको आपूर्ति, उपयोग र नियमनको व्यवस्था मिलाउने,
- कृषक समूह, कृषि सहकारी र कृषि सम्बन्धी स्थानीय सङ्घ संस्थाहरूको समन्वय गर्ने, गराउने,
- तालिम, प्राविधिक टेवा, क्षमता विकास कार्यक्रमको सञ्चालन गर्ने,
- खाद्यान्न, वागवानी, नगदे तथा अन्य बाली विकास सम्बन्धी विवरण, प्रविधि विकास र अद्यावधिक गर्ने,
- कृषि विकास तथा संभाव्यता र पकेट क्षेत्र निर्धारण र कृषि प्रविधि र सेवा प्रसारको व्यवस्था गर्ने गराउने कृषि सेवा केन्द्र र सम्पर्क स्थलहरुलाई सहयोग गर्ने,
- फलफूल, र तरकारी बालीहरुको माग र आवश्यकता अनुसार नर्सरी स्थापना गर्ने/गराउने,
- गाउँपालिका भित्रका कृषकहरुलाई समूह, सहकारीमा आवद्ध गराउने र कृषि उत्पादनलाई व्यवसायीकरण प्रविधि र प्राविधिक सेवा उपलब्ध गराउने,
- कृषि उत्पादन, प्रशोधन र बजारीकण सम्बन्धी उद्यम व्यवसायको व्यवसायिक विकास योजना तर्जुमा गर्न सहयोग गर्ने गराउने,
- माग तथा आवश्यकता अनुसार कृषि नर्सरी, बिउविजन केन्द्र तथा नमूना फार्म सञ्चालन गर्ने गराउने,
- कृषि अनुसन्धान, वागबानी, वैकल्पिक खेती प्रणाली, वाली संरक्षण, माटो परीक्षण, कृषि प्रयोगशाला, जैविक उत्पादन र कृषि पर्यटन सेवा विकास र विस्तार गर्ने,
- कृषिजन्य महामारी रोगको नियन्त्रण सम्बन्धी कार्य गर्ने, गराउने,
- कृषि वातावरण संरक्षण तथा जैविक विविधताको संरक्षण र प्रवर्द्धन कार्य गर्ने,
- कृषि प्रसार प्रचार सम्बन्धी कार्य गर्ने,
- उच्च मूल्ययुक्त कृषिजन्य वस्तुको प्रवर्द्धन, विकास तथा बजारीकरण गर्ने,
- कृषिसम्बन्धी बिमा र कर्जा सहजीकरण सम्बन्धी कार्यमा सहयोग गर्ने,
- शीत भण्डारणको व्यवस्थापनको कार्य नियमित रेखदेख गर्ने र सुचारु राख्ने, राख्न लगाउने,
- कृषि बिउविजन, नश्ल, मलखाद र रसायन तथा औषधीहरूको आपूर्ति, उपयोगमा कृषकहरुसँग समन्वयमा रही नियमित कार्य सम्पादन गर्ने,
- कृषक समूहहरुको बैठकहरु नियमित गर्ने व्यवस्था मिलाउने,
- कृषि तथ्याङ्कको व्यवस्थापन र सूचना प्रणाली तथा कृषि सम्बन्धी सूचनाको प्रचार प्रसार गर्ने, गराउने,
- कृषि स्रोत केन्द्रको सञ्चालन र व्यवस्थापन गर्ने,
- विभिन्न सिफारिस/तथा अनुमति पत्र व्यवसायी दर्ता रसायनिक मल वितरण आदि,
- सहकारी संस्था सम्बन्धी स्थानीय नीति, निर्णय तथा कार्यक्रमको कार्यान्वयन गर्ने,
- सहकारी संस्था दर्ताको क्रममा आवश्यक सम्पूर्ण कागजातहरु संकलन, जाँचबुझ गरी पेश गर्ने,

डिल्ली ...
प्रमुख प्रशासकीय अ...

CamScanner

सिद्ध कुमाख गाउँपालिका
Siddhakumakh Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the municipal Executive
ढोरचौर, सल्यान
Dhorchaur, Salyan
कर्णाली प्रदेश, नेपाल
Karnali Province, Nepal
+977-9854555005

Y: २०८०/८१,प्रशा
Ref.No:

- स्थानीय सहकारी संस्थाको दर्ता, अनुमति, खारेजी र विघटनको व्यवस्था गर्ने गराउने सम्बन्धमा नगरपालिकाको निर्णयानुसार कार्य गर्ने,
- सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी स्थानीय मापदण्ड निर्धारण र नियमन गर्ने गराउने र सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी कार्यमा सहयोग गर्ने,
- सहकारी सम्बन्धी राष्ट्रिय, प्रादेशिक र स्थानीय संघ संस्थासँग समन्वय र सहकार्य गर्ने,
- स्थानीय सहकारीको क्षमता अभिवृद्धि, संस्थागत विकास र परिचालनको व्यवस्था गर्ने गराउन,
- सहकारी सम्बन्धी स्थानीय तथ्याङ्क संकलन गरी रेकर्ड राख्ने,
- सहकारीको कार्य तथा कारोवारको नियमित अनुगमन, निरीक्षण तथा प्रतिवेदन तयार गरी पेश गर्ने,
- गाउँपालिका क्षेत्रमा सञ्चालनमा रहेका सहकारीहरुको विनियम संशोधन सम्बन्धमा कारवाही अगाडी बढाउने र पेश गर्ने,
- गाउँपालिका क्षेत्रमा सञ्चालनमा रहेका सहकारीहरुको मासिक, वार्षिक प्रगति विवरण संकलन गरी पेश गर्ने,
- सहकारी संस्थाको विरुद्धमा आएका उजुरीको दर्ता गर्ने र कारवाहीको लागि कार्यवाही अगाडी बढाउने,
- सहकारी शिक्षा, तालिम र सूचना सम्वन्धी कार्यमा आवश्यक कार्य गर्ने,

उपर्युक्त विवरण मेरो पदले गर्नुपर्ने काम, कर्तव्य र उत्तरदायित्व तथा अधिकारको पूर्ण र ठीक विवरण हो। उल्लेखित जिम्मेवारीहरु आफै र मातहतका कर्मचारीहरु द्वारा प्रभावकारी रूपमा कार्यान्वयन गर्नेछु । कर्मचारीको दस्तखतः- मितिः- २०८०/०८/२६	उपर्युक्त विवरण सहितको जिम्मेवारी तपाईलाई सुम्पिएको हुँदा उत्तरदायित्व बहन गर्दै कुशुलतापूर्वक आफ्नो जिम्मेवारी पूरा गर्नुहोला । कार्यालय प्रमुखको दस्तखतः- मितिः- डिल्ली खड्का प्रमुख प्रशासकीय अधिकृत

CamScanner

सिद्ध कुमाख गाउँपालिका
Siddhakumakh Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the municipal Executive
ढोरचौर, सल्यान
Dhorchaur, Salyan
कर्णाली प्रदेश, नेपाल
Karnali Province, Nepal
+977-9854555005

प.स./FY: २०८०/८१,प्रशा
च.न/Ref.No:

मितिः२०८०/०५/२७

प्रमुख प्रशासकीय अधिकृत तथा प्राबिधिक सहायक पशु बीचको कार्यसम्पादन करार सम्झौता।

श्री मनोज वि.क,
पशु स्वास्थ्य प्राविधिक, सिद्ध कुमाख गाउँपालिका, सल्यान ।

प्रस्तुत विषयमा यस गाउँपालिकाको पशु सेवा शाखाको प्रमुखको रूपमा रही कार्य गर्ने गरी तपाईलाई जिम्मेवारी दिईएको छ । पशु सेवा शाखा प्रमुखले सम्पादन गर्नुपर्ने तपसिल बमोजिमका जिम्मेवारी सम्पादन गर्ने गरी कार्य विवरण सहितको जिम्मेवारी सम्पादन गर्नु गराउनु हुन अनुरोध छ ।

पशु शाखा प्रमुख (प्रा स, पाँचौ) को जिम्मेवारी

→ पशुपंक्षी पालक तथा कृषक समूहको विषयगत आवश्यकता पहिचान गर्न सेवा केन्द्र/सम्पर्क स्थल, कृषि फार्महरुलाई सहयोग गर्ने तथा कृषक पाठशाला सञ्चालन गर्ने,
→ उपभोक्ताहरुलाई दुध, मासु, पशुपंक्षीको रोगहरु बारे जनचेतनाको लागि सूचना प्रदान
→ पशुपंक्षी र पशु स्वास्थ्य सम्वन्धी योजना कार्यान्वयन गर्ने,
→ कृषकस्तरमा पशुपालन तर्फ महामारी लागेमा निराकरण गर्ने,
→ पशुसेवा तर्फ नश्लसुधार सम्बन्धी काम गर्ने,
→ पशुपालिकको क्षमता अभिवृद्धि, प्राविधिक सेवा, टेवा, सीप विकास र सशक्तीकरण गर्ने, गराउने,
→ पशुपंक्षी तथा कृषि बजार सूचना, हाटबजारको पूर्वाधार निर्माणमा सहयोग गर्ने,
→ पशुपंक्षी सम्बन्धी विमा र कर्जा सहजीकरणका लागि सहयोग गर्ने,
→ स्थानीय चरन तथा खर्क विकास र व्यवस्थापन गर्ने, गराउने तथा पशु आहारको गुणस्तर नियमन गर्ने,
→ पशु वधशाला र शीत भण्डारणको व्यवस्थापन र नियमन गर्नेकम सञ्चालन गर्न संघ संस्थाहरु विच समन्वय गर्ने,
→ घरेलु, इन्स्योरेन्स कम्पनी, सरकारी फर्म, तथा अन्य संस्थाहरुलाई सम्वोधन गरी कृषकलाई सिफारिस पत्र प्रदान गर्ने,
→ पशुपंक्षीको सामान्य उपचार सेवा तथा पशुपंक्षी सम्वन्धी समस्या वारे कृषकहरुलाई परामर्श दिने,
→ पशुपालन कृषकहरुलाई औषधी, औजार उपकरण वितरण तथा अनुदान दिने,
→ पशुपंक्षी फर्म, मासु पसल, डेरी, एग्रोभेटहरुको अनुगमन,

CamScanner

सिद्धकुमाख गाउँपालिका
Siddhakumakh Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the municipal Executive
ढोरचौर, सल्यान
Dhorchaur, Salyan
कर्णाली प्रदेश, नेपाल
Karnali Province, Nepal
+977-9854555085

आ.व./FY: २०८०/८१,प्रशा
पत्र संख्या/Ref.No:

→ पशुपालन सम्बन्धी तालिम कार्यक्रमहरु गर्ने,
→ पशुपंक्षी विकास सम्बन्धी तालिम, प्राविधिक टेवा, कृषक क्षमता विकास कार्यक्रमको सञ्चालन गर्ने,
→ पशुपंक्षी सम्बन्धी बिमा र कर्जा सहजीकरणमा सहयोग गर्ने,
→ पशु आहारको गुणस्तर निरीक्षण व्यवस्था र नियमन गर्ने स्थानीय चरन तथा खर्क विकास र व्यवस्थापन गर्ने, गराउने,
→ पशु स्वास्थ्य विषयमा पशुको परिक्षण गरी औषधी वितरण गने,
→ पशुको कृतिम गर्भधारणको लागि आवश्यक व्यवस्था मिलाउने,
→ उन्नत जातका पशुपंक्षी वितरण गर्ने जस्तैः उन्नत रागो, उन्नत बोका, बंगुर पाठा, कुखुरा चल्ला, माछा भुरा आदी,
→ हिउँदे तथा वर्षे घाँसको बिउ बेर्ना वितरण गर्ने,
→ उन्नत पशुपंक्षी वितरण गर्ने तथा उन्नत जातका हिउँदे वर्षे, तथा बहुवर्षे घाँसको बिउ तथा बेर्ना वितरण गर्ने,
→ पशुपालन विषयमा पशु फर्महरुको अवलोकन गरी प्रतिवेदन दिने र गाई तथा भैंसीमा कृतिम गर्भधान गर्ने,
→ स्थानीय स्तरमा पशुपंक्षी सम्बन्धी तथ्याङ्कको व्यवस्थापन र सूचना प्रणाली विकास गर्ने,
→ पशुपंक्षी पालन तथा पशुपंक्षी उपज कृषकलाई संगठित गर्ने,
→ पशु रोग स्वास्थ्य उपचार, खोप, बन्ध्याकरण, कृत्रिम गर्भाधान सम्बन्धी सेवा प्रवाह गर्ने
→ पशु रोग उपचारमा ग्रामीण पशुस्वास्थ्य कार्यकर्ता र स्थानीय सेवा प्रदायक र अगुवा कृषकको प्राविधिक सीप तथा क्षमता विकास गर्ने,
→ आवश्कता अनुसार पशुस्वास्थ्य शिविर संचालन गर्ने गराउने,
→ पशुपंक्षी, पोल्ट्री र डेरी डेभलेप्मेण्ट सम्बन्धी योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने,

उपर्युक्त विवरण मेरो पदले गर्नुपर्ने काम, कर्तव्य र उत्तरदायित्व तथा अधिकारको पूर्ण र ठीक विवरण हो। उल्लेखित जिम्मेवारीहरु आफै र मातहतका कर्मचारीहरु द्वारा प्रभावकारी रूपमा कार्यान्वयन गर्नेछु । कर्मचारीको दस्तखतः- मितिः- २०८०/०७/२८	उपर्युक्त विवरण सहितको जिम्मेवारी तपाईलाई सुम्पिएको हुँदा उत्तरदायित्व बहन गर्दै कुशुलतापूर्वक आफ्नो जिम्मेवारी पूरा गर्नुहोला । कार्यालय प्रमुखको दस्तखतः- मितिः- डिल्ली खड्का प्रमुख प्रशासकीय अधिकृत

CamScanner

सिद्धकुमाख गाउँपालिका
Siddhakumakh Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the municipal Executive
ढोरचौर, सल्यान
Dhorchaur, Salyan
कर्णाली प्रदेश, नेपाल
Karnali Province, Nepal
+977-9854155005

प.सं./FY: २०८०/८१,प्रशा
च.नं./Ref.No:

मिति:२०८०/०५/२७

प्रमुख प्रशासकीय अधिकृत तथा आ.ले.प. सहायक (पाँचौ) बीचको कार्यसम्पादन करार सम्झौता।

श्री हर्क बहादुर रोकाया,
आ.ले.प. सहायक पाँचौ, सिद्दकुमाख गाउँपालिका, सल्यान ।

प्रस्तुत विषयमा यस सिद्ध कुमाख गाउँपालिकाको आन्तरिक लेखा परीक्षण शाखाको प्रमुखको रुपमा तपाईलाई कार्यभार सुम्पिएको छ ।आन्तरिक लेखा परिक्षण शाखा प्रमुखले सम्पादन गर्नुपर्ने तपसिल बमोजिमका कार्यहरु सम्पादन गर्ने गरी यो कार्य विवरण सहितको जिम्मेवारी तोकिएको हुँदा तोकिएको जिम्मेवारी सम्पादन गर्नुहुन जानकारी गराईन्छ ।

<u>आ.ले.प. शाखा प्रमुखको जिम्मेवारी</u>

१) वार्षिक कार्यतालिका तयार गरी पेश गर्ने ।
२) गाउँपालिकाले निर्दिष्ट गरेका उद्देश्य हासिल गर्न गरेको लगानी नियमित, मितव्ययी र प्रभावकारी भए नभएको परीक्षण गर्ने र व्यवस्थापनलाई सुझाव दिने ।
३) आन्तरिक नियन्त्रण सम्बन्धी कार्यविधि तर्जूमा तथा संसोधन गर्ने त्यसको प्रभावकारीताको परीक्षण गरी आवश्यक पृष्ठपोषण दिने ।
४) आम्दानी, खर्च र त्यसको लेखाङ्कन प्रचलित कानूनद्वारा निर्दिष्ट प्रक्रिया अनुसार भए नभएको मासिक वा पूर्व परीक्षण गरी चौमासिक रुपमा प्रतिवेदन गर्ने ।
५) वित्तीय पारदर्शीता र जवाफदेहिता कायम गर्न सहयोग पुर्याउने ।
६) वित्तीय प्रतिवेदन समयमै सही र भरपर्दो रुपमा उपलब्ध गराई वित्तीय अनुशासन कायम गर्न सहयोग गर्ने
७) आन्तरिक लेखा परीक्षण सम्बन्धी सुधारका विषयवस्तुलाई प्रभावकारी पार्न नीतिगत पृष्ठपोषण गर्ने ।
८) अन्तिम लेखा परीक्षण अगावै त्रुटी सच्याउन लगाई बेरूजु हुन नदिने ।
९) महालेखा परीक्षकबाट हुने अन्तिम लेखा परीक्षणलाई सहयोग पुर्याउने ।
१०) कांर्यालय प्रमुखबाट समय समयमा हुने निर्देशन अनुरुप अन्य कार्य गर्ने ।
११) नियमानुसार लाभ र लागत विश्लेषणका आधारमा मितव्ययी खर्च व्यवस्थापन ।
१२) वेरूजुहरु माथि नियन्त्रण र पूर्व वेरुजुको आकारमा कटौती ।
१३) सम्पन्न योजनाहरुको समयमै सामाजिक परिक्षण गराउने ।
१४) आर्थिक कारोवार ऐन, नियम तथा वोर्डको नीति निर्देशन अनुसार खर्च भए नभएको जाँच गर्ने ।

डिल्ली खड्का
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

सिद्ध कुमारव गाउँपालिका
Siddhakumakh Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the municipal Executive
ढोरचौर, सल्यान
Dhorchaur, Salyan
कर्णाली प्रदेश, नेपाल
Karnali Province, Nepal

प.स./FY: २०८०/८१,प्रशा
च.नं./Ref.No:

+977-9854555005

१५) मासिक वा त्रैमासिक रुपमा गा.पा.को आम्दानी तथा खर्चको सम्बन्धित खाताहरुको परिक्षण गरी त्रुटी देखिएमा लिखित प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने ।

१६) ऐन नियमले तोके बमोजिम पेश्की वा भुक्तानी दिंदा रित पुगे नपुगेको सम्बन्धमा पूर्व आन्तरिक लेखा परिक्षण गर्ने

१७) आ.ले.प. बाट देखिएका वेरूजुहरुको किताव खडा गरी आर्थिक व्यवस्थापन शाखालाई उपलब्ध गराउने

१८) वडा समिति कार्यालयबाट भए गरेका आर्थिक कारोवारहरुको वार्षिक आ.ले.प गर्ने ।

१९) गाउँपालिका भित्रका विद्यालयहरु संघसंस्थाहरुको अन्तिम लेखा परिक्षण गराउन लेखा परिक्षको छनौटमा राय सुझाव दिई सहयोग गर्ने ।

२०) अन्तिम लेखा परिक्षण गराउन आवश्यक कागजपत्र तथा सूचना जुटाई सहयोग गर्ने ।

२१) अन्तिम लेखा परिक्षणबाट प्राप्त वेरुजुहरु नियमति गर्न, असूल गर्न र आवश्यकतानुसारको कारवाही गर्न सो प्रतिवेदन सम्बन्धित शाखामा दिने ।

२२) गाउँ सभाको वैठकमा लेखा परीक्षणको प्रतिवेदन पेश गर्ने तथा जिज्ञासा समाधान गर्न सहयोग गर्ने ।

२३) गा.पा. लेखा समितिको सदस्य सचिवको रुपमा आवश्यक पर्ने कार्यहरु गर्ने ।

२४) लेखा समितिको वैठकको लागि निर्देशानुसार पत्र तयार गर्ने र एजेण्डा सहित सदस्यहरुलाई वैठकको जानकारी गराउने ।

२५) लेखा समितिको वैठक सञ्चालनको लागि आवश्यक व्यवस्था मिलाउने ।

२६) लेखा समितिको निर्णय लेख्ने, माईन्यूट सुरक्षित राख्ने, निर्णय उतार गरी सम्बन्धित निकायलाई जानकारी दिने ।

२७) लेखा समितिको निर्णय कार्यान्वयन गर्न तथा गराउन आवश्यक सहयोग र पहल गर्ने ।

२८) लेखा समितिले गाउँ सभामा पेश गर्नुपर्ने वार्षिक प्रतिवेदन मस्यौदामा सहयोग गर्ने ।

२९) गाउँपालिका सम्पन्न योजनाहरुको नेपाल सरकारद्वारा तयार गरिएको सामाजिक परीक्षण निर्देशिका अनुसार सामाजिक परिक्षण गराउने ।

३०) उक्त समाजिक परिक्षणको प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत मार्फत गा.पा. मा पेश गर्ने ।

३१) कार्यालय प्रमुखको अन्य निर्देशनको पालना गर्ने ।

उपर्युक्त विवरण मेरो पदले गर्नुपर्ने काम, कर्तव्य र उत्तरदायित्व तथा अधिकारको पूर्ण र ठीक विवरण हो। उल्लेखित जिम्मेवारीहरु आफै र मातहतका कर्मचारीहरु द्वारा प्रभावकारी रूपमा कार्यान्वयन गर्नेछु । कर्मचारीको दस्तखतः- मितिः-2080/02/26	उपर्युक्त विवरण सहितको जिम्मेवारी तपाईलाई सुम्पिएको हुँदा उत्तरदायित्व बहन गर्दै कुशुलतापूर्वक आफ्नो जिम्मेवारी पूरा गर्नुहोला । कार्यालय प्रमुखको दस्तखतः- मितिः-

डिल्ली खड्का
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

सिद्ध कुमाख गाउँपालिका
Siddhakumakh Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the municipal Executive
ढोरचौर, सल्यान
Dhorchaur, Salyan
कर्णाली प्रदेश, नेपाल
Karnali Province, Nepal

आ.व./FY: २०८०/८१,प्रशा
च.नं./Ref.No:

+977-9854555005

मितिः२०८०/०५/२७

प्रमुख प्रशासकीय अधिकृत तथा महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख बीचको कार्यसम्पादन करार सम्झौता।

श्री विमला खत्री,
महिला बालवालिका तथा जेष्ठ नागरिक शाखा, सिद्ध कुमाख गाउँपालिका, सल्यान ।

प्रस्तुत विषयमा यस गाउँपालिकाको महिला बालवालिका तथा जेष्ठ नागरिक शाखा प्रमुखको रुपमा तपाईलाई कार्यभार सुम्पिएको छ। महिला बालवालिका तथा जेष्ठ नागरिक शाखा प्रमुखले सम्पादन गर्नुपर्ने तपसिल बमोजिमका कार्यहरु सम्पादन गर्ने गरी यो कार्य विवरण सहितको जिम्मेवारी तोकिएको हुँदा तोकिएको जिम्मेवारी सम्पादन गर्नुहुन जानकारी गराईन्छ ।

महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुखको मुख्य जिम्मेवारी

१) महिला हक सम्बन्धी नीति, योजना कार्यान्वयन, समन्वय र नियमन ।
२) महिलाको आर्थिक, सामाजिक, राजनीतिक सशक्तिकरण, क्षमता विकास ।
३) लैंगिक हिंसा निवारणका लागि निरोधात्मक, प्रवर्द्धनात्मक, संरक्षणात्मक उपाय र पुनःस्थापना ।
४) लैंगिक उत्तरदायी बजेट निर्माणमा सहयोग गर्ने ।
५) बालबालिकाको हकहित संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन ।
६) बालबालिकाको हकहित र संरक्षण।
७) बालमैत्री शासकीय प्रवन्ध, बाल क्लब, बाल संरक्षण समिति तथा बाल सञ्जाल ।
८) बालबालिकाको हकहित संरक्षण सम्बन्धमा संघ, प्रदेश तथा अन्य निकायसँग सम्पर्क, समन्वय तथा सहकार्य
९) बालबालिकाका परिवारलाई सहयोग ।
१०) वैकल्पिक स्याहार पद्धतिको कार्यान्वयन ।
१२) बाल गृह, पुनःस्थापना केन्द्र, शिशु स्याहार केन्द्र र बाल विकास केन्द्र व्यवस्थापन ।
१३) असहाय बालवालिकाका, सडक बालबालिका व्यवस्थापन ।

सिद्ध कुमाख गाउँपालिका
Siddhakumakh Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the municipal Executive
ढोरचौर, सल्यान
Dhorchaur, Salyan
कर्णाली प्रदेश, नेपाल
Karnali Province, Nepal
+977-9854555005

FY: २०८०/८१,प्रशा
Ref.No:

१४) बाल न्याय कायम एवं बाल हिंसा नियन्त्रण ।
१५) बालसुधार तथा पुनःस्थापना केन्द्र स्थापना, संचालन अनुमति र नियमन ।
१६) आपतकालिन बाल उद्धार कोष स्थापना र व्यवस्थापन ।
१७) महिला जागरण, सशक्तिकरण र परिचालन ।
१८) महिला सीप, उद्यमशिलता तथा नेतृत्व विकास ।
१९) जेष्ठ नागरिकको लगत, परिचयपत्र, सम्मान, स्वास्थ्य सुविधा, सामाजिक सुरक्षा सम्बन्धी कार्य ।
२०) जेष्ठ नागरिक क्लव, दिवा सेवा केन्द्र, भेटघाटस्थल, आश्रय केन्द्रको सञ्चालन तथा व्यवस्थापन ।
२१) सङ्घ तथा प्रदेशसँगको समन्वयमा अपाङ्गता पुनःस्थापना केन्द्र तथा असक्त स्याहार केन्द्रको सञ्चालन र व्यवस्थापन ।
२२) अपाङ्गता भएका व्यक्ति तथा असहायको लगत अद्यावधिक, परिचयपत्र वितरण, सामाजिक सुरक्षा तथा सुविधाको व्यवस्थापन तथा वितरण ।
२३) अपाङ्गता भएका व्यक्तिमैत्री पूर्वाधार निर्माण तथा सञ्चालन ।
२४) अपाङ्गता भएका व्यक्ति र असक्तहरुको व्यवस्थापन सम्बन्धी अन्य कार्य ।
२५) एकल महिला सम्बन्धी कार्य ।

उपर्युक्त विवरण मेरो पदले गर्नुपर्ने काम, कर्तव्य र उत्तरदायित्व तथा अधिकारको पूर्ण र ठीक विवरण हो। उल्लेखित जिम्मेवारीहरु आफै र मातहतका कर्मचारीहरु द्वारा प्रभावकारी रूपमा कार्यान्वयन गर्नेछु । कर्मचारीको दस्तखतः- मितिः- २०८०।०४।२६	उपर्युक्त विवरण सहितको जिम्मेवारी तपाईलाई सुम्पिएको हुँदा उत्तरदायित्व बहन गर्दै कुशुलतापूर्वक आफ्नो जिम्मेवारी पूरा गर्नुहोला । कार्यालय प्रमुखको दस्तखतः- मितिः- डिल्ली खड्का प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत तथा विपद सम्पर्क व्यक्ति बीचको कार्यसम्पादन करार सम्झौता।

श्री कमल चन्द,

प्रशासन सहायक चौथो, सिद्ध कुमाख गाउँपालिका सल्यान ।

प्रस्तुत विषयमा यस सिद्ध कुमाख गाउँपालिकाको विपद सम्पर्क व्यक्तिको रुपमा तपाईलाई कार्यभार सुम्पिएको छ विपद सम्पर्क व्यक्तिले सम्पादन गर्नुपर्ने तपसिल बमोजिमका कार्यहरु सम्पादन गर्ने गरी यो कार्य विवरण सहितको जिम्मेवारी तोकिएको हुँदा तोकिएको जिम्मेवारी सम्पादन गर्नुहुन जानकारी गराईन्छ ।

- ♣ वातावरण, पर्यावरण तथा जैविक विविधता तथा विपद् व्यवस्थपन सम्बन्धी नीति तथ योजना तर्जुमा कार्यमा सहयोग तथा कार्यकमको कार्यान्वयन र नियमित प्रतिवेदन गर्ने,
- ♣ पार्क, उद्यान, खोला किनार, सडक किनार र सार्वजनिक क्षेत्रमा समुदायको सहभागितामा सडक बत्ती, हरियाली तथा सुन्दरता कायम गर्न आवश्यक प्रवन्ध गर्ने,
- ♣ सामुदायिक, ग्रामीण तथा शहरी, धार्मिक, कवुलियती वनको संरक्षण, सम्वर्द्धन, उपयोग र नियमन साथै वन उपभोक्तासँगको समन्वय आवश्यक कार्यहरु गर्ने,
- ♣ गाउँपालिकाको विपद् व्यवस्थापन सम्बन्धी प्रतिकार्य योजना तर्जुमा र अद्यावधिक तथा वार्षिक कार्यक्रम तर्जुमा गर्ने गराउने,
- ♣ विपद व्यबस्थापनका लागि गाउँपालिकामा उपलब्ध साधन, स्रोत र जनशक्ति परिचालन गर्ने गराउने,
- ♣ वातावरणमैत्री स्थानीय शासनको कार्यान्वयन गर्ने गराउने,
- ♣ वातावरण सम्वन्धी सचेतना ऱ्याली, विविध कार्यक्रम छलफल अर्न्तक्रिया,
- ♣ वृक्षारोपण, सामुदायिक वनसँग प्रर्वधनात्मक गतिविधिहरु,
- ♣ नदी किनार, नदी उकास, नहर किनार तथा सडक किनारमा तथा सार्वजनिक खाली जग्गा, पाखा वा क्षेत्रमा वृक्षारोपण कार्य गर्ने, गराउने,
- ♣ नर्सरी स्थापना, बिरुवा उत्पादन, वितरण, वृक्षारोपण र प्रवर्द्धन गर्ने,
- ♣ वन, वन्यजन्तु तथा चराचुरुङ्गीको अभिलेखाङ्कन कार्य गर्ने,
- ♣ जैविक विविधताको अभिलेख राख्ने र मिचाहा प्रजातिको नियन्त्रण व्यवस्था मिलाउने,

डिल्ली खड्का
प्रमुख प्रशासकीय अधिकृत

सिद्ध कुमाख गाउँ
गाउँ कार्यपालिकाको
कर्णाली प्रदेश,
२०७३

♣ सामुदायिक भू-संरक्षण र सोमा आधारित आय आर्जन कार्यक्रम सञ्चालनमा सहयोग गर्ने,

♣ जलवायू परिवर्तन अनुकुलन कार्यकमको कार्यमा सहयोग गर्ने र प्रचारप्रसार गर्ने,

♣ जलाधार तथा वन्ययजन्तुको संरक्षणसम्बन्धी कार्यक्रमको कार्यान्वयन गर्ने, गराउने,

♣ प्रदूषण सम्बन्धी उजुरी बुझ्ने र वायु तथा ध्वनीको प्रदूषण गर्नेलाई कारवाही गर्न पेश गर्ने, हानिकारक पदार्थहरूको नियमन तथा नियन्त्रण गर्न आवश्यक कार्य गर्ने,

♣ वातावरणीय जोखिम न्यूनीकरणका निर्णय बमोजिम कार्यकम सञ्चालन गर्न अग्रसर रहने,

♣ वृक्षारोपण तथा पहिरो नियन्त्रण कार्यकम सञ्चालन गर्ने,

♣ विपद्पूर्व तयारी तथा प्रतिकार्य कार्ययोजना तर्जुमा कार्यमा सहयोग र त्यस्को कार्यान्वयन गर्ने,

♣ खोज, उद्धार तथा राहत सामग्रीको पूर्व भण्डारण, समन्वय र वितरण व्यवस्थ मिलाउने,

♣ विपद्जोखिम क्षेत्रको नक्साङ्कन तथा वस्तीहरूको पहिचान गरी रेकर्ड व्यवस्थापन गर्ने,

♣ विपद् पश्चात् स्थानीयस्तरको पुनर्स्थापना र पुनर्निर्माण सम्बन्धी कार्यमा सहयोग गर्ने,

♣ विपद सम्बन्धी तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धानमा सहयोग गर्ने,

♣ विपद जोखिम न्यूनीकरणका लागि पूर्व सूचना प्रणाली स्थापनाका लागि समन्वय र सम्पर्क गर्ने,

♣ विपद वयवस्थापन सम्वन्धी सचेतना कार्यक्रम, तालिम, आदि सञ्चालन,

♣ विपद कोष स्थापना, सञ्चालन, ऐन, नियम, निर्माण तथा कार्यान्वयन,

♣ विपदउद्दार टिम निर्माण तथा उद्दार कार्य सञ्चालन,

♣ स्थानीय आपतकालीन कार्यसञ्चालन सम्बन्धी कार्यको प्रत्यक्ष नियन्त्रण गर्ने,

♣ गाउँपालिका क्षेत्रको फोहोरमैला व्यवस्थापनको लागि फोहोरमैला संकलन, स्थानान्तरण, अन्तिम विसर्जन सम्वन्धी विधि तथा प्रक्रिया तयार गर्ने,

उपर्युक्त विवरण मेरो पदले गर्नुपर्ने काम, कर्तव्य र तपाईलाई सुम्पिएको उत्तरदायित्व तथा अधिकारको पूर्ण र ठीक विवरण हो। आफ्नो उल्लेखित जिम्मेवारीहरु आफै र मातहतका कर्मचारीहरु द्वारा प्रभावकारी रूपमा कार्यान्वयन गर्नेछु ।	उपर्युक्त विवरण सहितको जिम्मेवारी हुँदा उत्तरदायित्व बहन गर्दै कुशुलतापूर्वक जिम्मेवारी पूरा गर्नुहोला । कार्यालय प्रमुखको दस्तखत:-

डिल्ली खड्का
प्रमुख प्रशासकीय अधिकृत

सिद्ध कुमाख गाउँपालिका
Siddhakumakh Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the municipal Executive
ढोरचौर, सल्यान
Dhorchaur, Salyan
कर्णाली प्रदेश, नेपाल
Karnali Province, Nepal

+977-9854555005

प.स./FY: २०८०/८१,प्रशा
च.नं./Ref.No:

मितिः२०८०/०५/२७

प्रमुख प्रशासकीय अधिकृत तथा वडा सचिव बीचको कार्यसम्पादन करार सम्झौता।

श्री कृष्णा बहादुर चलाउने ,

वडा सचिव, वडा ५ नं वडा कार्यालय, सिद्ध कुमाख गाउँपालिका, सल्यान ।

प्रस्तुत विषयमा यस सिद्ध कुमाख गाउँपालिकाको वडा नं ५ को वडा सचिवको रुपमा तपाईलाई कार्यभार सुम्पिएको छ। वडा सचिवले सम्पादन गर्नुपर्ने तपसिल बमोजिमका कार्यहरु सम्पादन गर्ने गरी यो कार्य विवरण सहितको जिम्मेवारी तोकिएको हुँदा तोकिएको जिम्मेवारी सम्पादन गर्नुहुन जानकारी गराईन्छ ।

वडा सचिवको जिम्मेवारी

- वडामा कार्यरत कर्मचारीहरुको दैनिक प्रशासन सम्बन्धी काम गर्ने,
- वडाका दैनिक काममा समन्वय र प्रत्यक्ष रुपमा नियन्त्रण गर्ने र शाखागत कार्यशरु सम्पादन गर्न समन्वयात्मक भूमिका प्रदान गर्ने,
- कर्मचारीहरुको ७ दिन भन्दा बढीको बिदा स्वीकृतिको लागि गाउँपालिकामा सिफारिस गर्ने,
- योजना तर्जुमाका चरणहरु अवलम्बन गर्न वडा समितिलाई सहयोग गर्ने र तर्जुमाका कार्यमा संलग्न रहने,
- योजना सम्झौता गर्ने र सम्झौता बमोजिम कार्यसम्पादन गर्ने कार्यमा सहयोग गर्ने,
- योजना तर्जुमाको लागि वडामा तथा टोल टोलमा छलफल कार्य, योजना प्राथमिकीकरण सम्बन्धी कार्य तथा आवश्यक व्यवस्था मिलाउने,
- योजना कार्यान्वयनको अवस्थाको अनुगमन कार्यमा सहयोग गरी प्रतिवेदन गर्ने,
- फरफारकको प्रकिया पुरा गरी भूक्तानीका लागि गाउँपालिकामा सिफारिस गर्ने,
- सडक तथा पूल, भवन, खानेपानी, सिंचाई तथा सरसफाई इत्यादिका योजनाहरु कार्यान्वयन सम्बन्धी कार्य, बोलपत्रबाट निर्माण गरिने आयोजनाको प्रकृया सम्बन्धी कार्य, उपभोक्ता समिति गठन र तालिम सम्बन्धी कार्य गर्ने कार्यमा आवश्यक सहयोग गर्ने,
- महिला, बालबालिका, लक्षित वर्गका कार्यक्रमहरु र सरकारी तथा गैरसरकारी संस्थाहरुसँग समन्वय सम्बन्धी कार्य तथा सामाजिक सुरक्षा सम्बन्धी कार्य गर्ने गराउने, सुझाउने,
- जन्म, मृत्यु, विवाह, बसाइ सराइ, सम्बन्ध विच्छेद सम्बन्धी घट्ना दर्ता सम्बन्धी कार्य गर्ने,
- विभिन्न वडा समितिको वठैकको सदस्य सचिव भै समन्वयात्मक काम गर्ने,
- विभिन्न सिफारिस तयार गर्ने गराउने र विभिन्न सिफारिसको रेकर्ड व्यवस्थापन गर्ने गराउने

डिल्ली खड्का
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

सिद्धकुमाख गाउँपालिका
Siddhakumakh Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the municipal Executive
ढोरचौर, सल्यान
Dhorchaur, Salyan
कर्णाली प्रदेश, नेपाल
Karnali Province, Nepal

/FY: २०८०/८१,प्रशा
/Ref.No:

+977-9854555005

- राजश्व संकलन सम्बन्धी कार्य, राजस्वको रेकर्ड दुरुस्त राख्ने र राख्न लगाउने सम्बन्धी कार्य तथा राजश्य सम्बन्धी आवश्यक कार्य गर्ने गराउने,
- वडा समितिको निर्णयहरुको अभिलेख राखी सम्बद्ध निकायहरुमा निर्णय उतारी कारवाहीका लागि पठाउने,
- वडा कार्यालयको अभिलेख व्यवस्थापन गर्ने गराउन,
- वडाध्यक्षको निर्देशनमा रही वडा कार्यालयको समग्र दैनिक प्रशासनिक काम गर्ने,
- वडा समितिको बैठक सञ्चालन गर्ने, निर्णय प्रतिलिपि प्रमाणित गरी पठाउने,
- गाउँपालिकाबाट प्राप्त सूचना तथा इमेलहरुको विषयमा तुरुन्तै जवाफ पठाउने र कार्यन्वयन गर्ने गराउने,
- वडा कार्यालयको जिन्सी व्यवस्थापन गर्ने,
- वडा कार्यलयमा प्रशासनिक प्रमुख भै जिम्मेवारी बहन गर्ने र वडाध्यक्षको निर्देशनमा वडाको अन्य जिम्मेवारी संबन्धी कार्य गन, गराउने ।

उपर्युक्त विवरण मेरो पदले गर्नुपर्ने काम, कर्तव्य र उत्तरदायित्व तथा अधिकारको पूर्ण र ठीक विवरण हो। उल्लेखित जिम्मेवारीहरु आफै र मातहतका कर्मचारीहरु द्वारा प्रभावकारी रूपमा कार्यान्वयन गर्नेछुं । कर्मचारीको दस्तखतः- मितिः-	उपर्युक्त विवरण सहितको जिम्मेवारी तपाईलाई सुम्पिएको हुँदा उत्तरदायित्व बहन गर्दै कुशुलतापूर्वक आफ्नो जिम्मेवारी पूरा गर्नुहोला । कार्यालय प्रमुखको दस्तखतः- मितिः- दिल्ली खड्का प्रमुख प्रशासकीय अधिकृत
कर्मचारीको दस्तखतः- मितिः-	मितिः-

CamScanner